# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
५ नं. प्रदेश नेपाल

☎०७९-४१२१४५
E-mail : info@musikotmungulmi.gov.np
Website : www.musikotmungulmi.gov.np


च.नं. : १०६९
पत्र संख्या: २०७६/०७७

## करार सेवामा कर्मचारी लिने सम्बन्धी सूचना ।

सूचना नं. ५ प्रथम पटक प्रकाशित मिति : २०७६/०९/०६ गते

प्रस्तुत विषयमा यस मुसिकोट नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका ९ वटै वडाहरूमा तपशिल बमोजिमको पद र संख्यामा कर्मचारी करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । फाराम, कार्यविवरण, पारिश्रमिक सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

**तपसिल :**

| सि.नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | आवश्यक योग्यता | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १८/०७६/०७७ | आधारभूत स्वास्थ्य तथा पूर्ण सरसफाई स्वयम् सेवक | | ९ | एस.एल.सी. उत्तीर्ण वा सो सरह | ५००/- | |

**अन्य आवश्यक कागजातहरू :**

१. दरखास्त दिने स्थान : मुसिकोट, नगरकार्यपालिकाको कार्यालय, वामीटक्सार, गुल्मी
२. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
३. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन ।
४. दरखास्त फाराम मुसिकोट नगरपालिकाको वेभसाईट **www.musikotmungulmi.gov.np** वा यस मुसिकोट नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
५. दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वंयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ । अन्तर्वार्ताको दिन सबै कागजातहरू सक्कलै लिई आउनु पर्नेछ ।
६. विदेशी वोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारहरूले समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि स्वंयले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।
७. उमेरको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
८. दरखास्त दस्तुर वापतको रकम नगर कार्यपालिकाको कार्यालयमा बुझाई सोको सक्कल रसिद फाराम साथ संलग्न राख्नु पर्नेछ ।
९. यस सम्बन्धमा थप जानकारीको लागि मुसिकोट नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।
१०. स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरेकोलाई विशेष प्राथमिकता दिइनेछ ।
११. **Android Mobile Application** चलाउन सक्ने हुनुपर्ने ।

.................
नवराज भण्डारी
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत